नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरबार, काठमाडौं

पत्र संख्या :-

च.नं. :-

## प्रेस विज्ञप्ति

मिति :........................

काठमाडौं उपत्यकाको सडक विस्तार, सडक निर्माण र प्रदूषण नियन्त्रण गर्ने सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूका मुख्य सल्लाहकार श्री बिष्णु रिमालको अध्यक्षतामा सरोकारवालाहरुको बैठक आज कार्यालयको सभाहलमा सम्पन्न भयो। बैठकमा यस अगाडिका बैठकहरुबाट भएका निर्णयहरुको कार्यान्वयन अवस्थाबारेमा समीक्षा भयो। विगतमा ट्राफिक लाईट राख्ने विषयमा बानेश्वर चोक, नारायणगोपाल चोक तथा अन्य केही ठाउँमा नेपाली प्रविधि र प्राविधिकहरुबाट राख्ने कार्य भैरहेको; सवारीसाधनहरुबाट हुने प्रदूषण नियन्त्रण गर्न लगाईने हरियो स्टिकरको कार्यक्षेत्र बढाइएको; प्रदूषण मापदण्ड पूरा नगर्ने सवारी साधन उपत्यका प्रवेश निषेध वैशाख १ गतेदेखि गर्ने तथा युरो ४ स्तरको मात्र सवारीसाधन आयात गर्नुपर्ने जस्ता कार्यहरु भएका छन्। साथै केही सडकहरु कालोपत्रे गर्ने कार्य पनि सम्पन्न भएको छ तापनि अझै धेरै कार्य बाँकि रहेको, प्रदूषणको मात्रा नघटेको, सर्वसाधारणले सडकको दुरावस्थाका कारण दुःख पाएको अवस्था रहेकोबारेमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव श्री महेन्द्रमान गुरुङले अवगत गराउनुभएको थियो।

बैठकमा उठेका विषयहरुमा मुख्यतया सडक विस्तार कार्य समयमा प्रभावकारी रूपमा सम्पन्न नभएको, सडक विस्तारमा स्थानीयबाट आउने बाधा अवरोध, निकायहरुबीचमा समन्वयको अभाव, ट्राफिक बत्ति व्यवस्थापन, फुटपाथ व्यवस्थापन हुन नसकेको, सडकमा हुने निर्माण कार्यले आवागमन अवरूद्ध हुने गरेको, सर्वसाधारणमा यथेस्ट सूचना सम्प्रेषण नहुने गरेको, वातावरण कोषको रकम जम्मा भएपनि त्यसको सदुपयोग गर्न वन तथा वातावरण मन्त्रालयले आवश्यक पहल गर्न नसकेको, विद्युतीय पोलहरुको व्यवस्थापन उचित नहुँदा सडक विस्तार कार्य अवरूद्ध भएको, बजेटको अभावले गर्दा सडक विस्तार कार्य समयमा सम्पन्न गर्न नसकिएको लगायतका रहेका छन्। उक्त बैठकबाट भएका निर्णयहरू सम्बद्ध सबैको जानकारीका लागि यो प्रेस विज्ञप्ति प्रकाशित गरिएको छ।

निर्णयहरुः

१. समन्वय अभाव भइ काम सम्पन्न हुन नसकेका ठाउं र परियोजनाहरुको तत्काल पहिचान गरी अर्को बैठकमा पेश गर्ने।

२. सम्मानित सर्वोच्च अदालतले जारी गरेका आदेश कहाँ कहाँ र कुन आयोजनामा हुन् सोको स्पस्ट विवरण तयार गर्ने। आदेश भएका स्थानमा तत्काल के वैकल्पिक उपाय अपनाउन सकिन्छ, पहिचान गर्ने।

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

३. ठेकेदारका कारणले काम नभएका, ढिला भएका परियोजना र स्थान कुन कुन हुन् पहिचान गर्ने। काम नगर्ने ठेकेदार र कम्पनीको सूची तयार गरी आवश्यक कारवाहीका लागि प्रक्रिया अघि बढाउने।

४. सडक विस्तारका लागि आवश्यक पर्ने तथा वातावरण प्रदूषण नियन्त्रण गर्न आवश्यक पर्ने बजेट सम्बन्धित निकायले अर्थ मन्त्रालयसंग तत्काल माग गर्ने।

५. चाबहिल-जोरपाटी-साँखु सडकमा विवाद नभएका र तत्काल कालोपत्रे गर्न सकिने ठाउंमा खण्ड-खण्ड गरी तत्कालै कालोपत्रे गर्ने र त्यहाँ धुलो नउड्ने सुनिश्चितता गर्ने।

६. आयोजना कार्यान्वयन भैरहेको स्थानमा काम भैरहेकोले बाटो अवरुद्ध भएको, ढल खनिएको, तार मर्मत भएकोजस्ता सावधानीसूचक सूचना अनिवार्य रूपमा राख्न सम्बन्धित ठेकेदारलाई लगाउने।

७. वातावरणसंग सम्बन्धित तयार गरिएका मापदण्डहरुको कार्यान्वयनबारे परिणाम देखिने गरी अनुगमन गर्ने।

८. सडकमा विद्यमान अव्यवस्थित तारको व्यवस्थापन गर्न सम्बन्धित निकायले आवश्यक समन्वय गर्ने।

९. ललितपुर महानगरपालिकाले पनि महानगरीय ट्राफिक प्रहरी महाशाखा र सडक विभागको समन्वयमा ट्राफिक लाईट राख्ने कार्यलाई अगाडि बढाउने।

१०. रिंग रोड सडक विस्तारका क्रममा भएका कमी कमजोरी सुधार्न सडक विभागले महानगरपालिकासंग समन्वय गर्ने।

११. क्षेत्रीय सडक निर्देशकको संयोजकत्वमा रहेको समन्वय समितिलाई थप सक्रिय बनाउने।

१२. ठूला सार्वजनिक सवारी साधन संचालन गर्नेबारेमा महानगरहरुले समन्वयात्मक रूपमा पहल गर्ने।

सो बैठकमा प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिवहरु, वन तथा वातावरण, भौतिक पूर्वाधार तथा यातायात, जलश्रोत तथा उर्जा मन्त्रालयका सचिवहरु, ललितपुर महानगरपालिकाका प्रमुख तथा अन्य सरोकारवाला निकायका प्रमुखहरुको उपस्थिति रहेको थियो।

२०७४ फागुन २८ गते

बिनोद बहादुर कुँवर
प्रवक्ता/सहसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np